ADDCN ई बुलेटिन
Association of District Development Committees of Nepal
जिल्ला विकास समिति महासंघ नेपाल
Vol. 1 [Issue - 5] (जिल्ला विकास समिति महासंघ नेपालको मासिक ई-बुलेटिन) 2011 October/November {2068 Kartik/Mangsir}

# दैवीप्रकोप व्यवस्थापनमा स्थानीय निकाय र गैससको साँझेदारी विषयक छलफल कार्यक्रम




२०६८ कार्तिक २३ गतेका दिन जिल्ला विकास समिति महासंघ नेपालले दैवीप्रकोप व्यवस्थापनमा स्थानीय निकाय र गैससको साँझेदारी विषयक छलफल कार्यक्रम हालै सानेपामा आयोजना गरेको थियो । हालैका दिनहरुमा नेपालमा पनि प्राकृतिक मानविय क्रियाकलापले प्रकोप दिन प्रतिदिन बढिरहेको छ । यस्ता प्रकोपले धन-जन र हाम्रा प्राकृतिक धन सम्पदाहरु दिनानु नासिंदै गैरहेका छन् । यसले हामीले परिकल्पना गरेको दिगो अवधारणलाई प्रत्यक्ष रुपमा चुनौति दिइरहेको सबैलाई विधितै छ । त्यस्ता प्रकोपलाई समयमै न्यूनिकरण गर्न र घटना घटेपछि व्यवस्थापन गर्ने कार्यमा स्थानीय निकायको ज्यादैनै ठूलो भूमिका रहेको हुन्छ, किनभने यी निकायहरु जनतासंग नजिक हुन्छन् । यस विषयमा विभिन्न निकायका जस्तै सरकारी, गैसस, अन्तराष्ट्रिय गैसस, स्थनीय सरकारले आ-आफ्ना तवरबाट विभिन्न क्रियाकलापहरु आयोजना गरिरहेका छन् । ति क्रियाकलाप विभिन्न निकायसंग समन्वयको कमिले जुन रुपमा प्रभावकारी हुनुपर्ने हो सो अनुरुप नभएको सर्वविधितनै छ । त्यसलाई अझ प्रभावकारी ढंगले समन्वयकारी रुपमा अगाडी बढाउने उद्देश्यले जिविस महासंघ नेपालले कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा सरकारी, गैसस, जिविस महासंघका पदाधिकारीहरु समेत संलग्न रहि वृहत छलफल गरिएको थियो ।

उक्त छलफलबाट निस्किएको महत्वपूर्ण सुझावहरु निम्न अनुरुप रहेका छन् ।

१. स्थानीय निकायले प्रकोप व्यवस्थापनलाई पनि आफ्नो मुख्य क्रियाकलापको रुपमा लिने र यसलाई योजना तर्जुमा देखि प्रभावकारी रुपमा संचालन गर्ने ।
२. विभिन्न निकायले गरेको क्रियाकलापलाई जिविसले समन्वय गर्ने ।
३. स्थानीय स्तरमा जिविस, गाविस, नगरपालिका तथा गैसस, सरकारी निकायको क्षमता वृद्धिकालागि सबै निकायहरबाट वार्षिक रुपमा बजेट छुट्टयाउने व्यवस्था मिलाउने ।
४. विकास निर्माणका कार्य गर्दा संभाव्य जोखिमलाई पनि विचार गरि वजेट छुट्टयाउने र जोखिम न्यूनिकरण हुनेगरी विकास निर्माण कार्य गर्ने ।
५. कुनै कुनै जिल्लामा क्षमता वृद्धि सम्बन्धी तालिम संचालन गर्ने । काठमाडौं जिविस त्यसको लागि तयार रहेको प्रतिवद्धता स्थानीय विकास अधिकारीबाट व्यक्त भएको थियो ।
६. DRR Plan को प्रभावकारी कार्यान्वयन गर्न पहल गर्ने र त्यसमा समय अनुकुल परिमार्जन गर्ने ।
७. स्थानीय निकायले जोखिम व्यवस्थापनमा नेतृत्व लिनुपर्ने ।
८. DRR का क्षेत्रमा राजनैतिक प्रतिवद्धताको कमि भएको हुँदा जिविस महासंघ नेपाल जस्ता संस्थाले सक्रिय भूमिका खेली राजनैतिक प्रतिवद्धता लिन पहल गर्ने ।
९. हाल मस्यौदाको रुपमा रहेको प्रकोप व्यवस्था सम्बन्धी नयाँ ऐनमा नयाँ प्रकोस ऐनमा अझ बढि प्रस्ट गर्नुपर्ने ।
१०. समय समयमा यस विषयमा छलफल गर्ने ।
११. प्रकोप जोखिम व्यवस्थापन समन्वय समिति गठन गर्ने ।

उक्त कार्यक्रममा सहभागिज्यूहरुले आ-आफ्नो निकायले गरेको क्रियाकलापबारे जानकारी दिनुका साथै आ-आफ्नो तर्फबाट आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । सो अवसरमा जिविस महासंघ नेपालका पूर्व अध्यक्ष माधव पौडेलको अध्यक्षतामा निम्न सदस्य रहेको एक प्रकोप व्यवस्थापन समन्वय समिति गठन गर्ने र यहि कार्तिक २९ गते ११:०० बजे जिविस महासंघ नेपालको कार्यालय सानेपामा अर्को बैठक बस्ने निर्णय गरिएको थियो ।

**प्रकोप जोखिम व्यवस्थापन समन्वय समिति पदाधिकारीहरुः**

१. श्री माधव पौडेल - अध्यक्ष
*जिविस महासंघ नेपाल*
२. श्री विनोदप्रकाश सिंह - उप सचिव
*स्थानीय विकास मन्त्रालय*
३. श्री उद्धव प्रसाद तिमिल्सिना - स्था.वि.अ.
*जिल्ला विकास समिति काठमाडौं*
४. श्री आमोद दिक्षित - कार्यकारी प्रमुख
*राष्ट्रिय भुकम्प प्रविधि सञ्जाल*
५. श्री पितास्बर अर्याल - प्रमुख
*विपद व्यवस्थापन विभाग, नेपाल रेडक्रस सोसाईटी*
६. श्री मिन बहादुर पौडेल - अध्यक्ष
*डिपीनेट*
७. श्री सुर्य बहादुर थापा - अध्यक्ष
*राष्ट्रिय प्रकोप व्यवस्थापन सञ्जाल*

जिविस महासंघ नेपालको ऊर्जा तथा वातावरण शाखाले यसको सचिवालयको रुपमा सहयोग गर्ने ।

# Financing Future Cities: Asian Urban Forum, 2011

The Financing Future Cities: Asia Urban Forum was organized in ADB headquarters, Manila, Philippines on 15-17, 2011. Mr. Krishna Prasad Jaishi, Spokesperson and Mr. Hem Raj Lamichhane, Executive Secretary General of ADDCN participated in the forum. The other participants from Nepal in the forum were Mr Narayan Gopal Malego, Mr Girija Prasad Gorkhali, Mr Sushil Gyewali and Mr Ramesh Adhikari. The President Mr Haruhiko Kuroda of ADB and Mr Jejomar Binay, the Hon. Vice-President of Government of Philippines delivered the opening remarks in the opening ceremony of the forum. The key speakers of the forum were Mr. Xu Xianping, Vice Chairman of the National Development and Reform Commission, People Republic of China, Mr. Kamal Nath, Minister for Urban Development, Government of India; Dr. Joan Clos, Executive Director UN Habitat; Mr. Gil-Hong Kim, Director, Sustainable Infrastructure Division, Regional and Sustainable Development Department, ADB; Prof. Michael Enright, University of Hong Kong; Mr. Jose Carrera, Corporate Vice President, Development Bank of Latin America (CAF), Venezuela; Mr. Michael Redican, Managing Director, Global Credit Structuring, Deutsche Bank; Mr. Ek Sonn Chan, General Director, Phnom Penh Water Supply Authority; Mrs. Erna Witoelar, UN special ambassador for Millennium Development Goals in Asia and the Pacific. Former Minister of Human Settlements and Regional Development, Government of Indonesia; Mrs. Erna Witoelar, UN special ambassador for Millennium Development Goals in Asia and the Pacific. Former Minister of Human Settlements and Regional Development, Government of Indonesia; Mr. Konrad Otto-Zimmermann, Secretary General ICLEI; Mr. Edward Cameron, Director, International Climate Initiative, World Resources Institute; Mr. Edward Cameron, Director, International Climate Initiative, World Resources Institute and Ms. Manju George, Co-Founder and Vice President, Intellecap.

The Urban Forum aimed to answer and to explore the range of financing mechanisms currently available to promote green, competitive and inclusive cities through: sharing of experiences in new enabling frameworks and planning systems for urban infrastructure investment explaining and discussing the use of new financing structures and investments Showcasing project proposals and discussing practical financing potentials. The overall focus of the Forum was on financing the green, competitive, and inclusive investments that are the thrust of the new ADB Urban Operational Plan, which was launched at the Forum. These three streams of investments were envisaged to improve the environment to support the economy and build equity in Asia's urban areas.




The aid agencies of the forum were Agence Française de Développement (AFD), Australian Agency for International Development (AusAID), Bundesministerium Für Wirtschaftliche Zusammenarbeit (BMZ), Bundesministerium für Bildung und Forschung (BMBF), Department for International Development (DFID), Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ), European Investment Bank (EIB), Japan International Cooperation Agency (JICA), Kreditanstalt für Wiederaufbau (KfW), Swedish International Development Cooperation Agency (SIDA), UN-HABITAT, World Bank (WB). Likewise, the partner organizations of the forum were Asian Coalition for Housing Rights (ACHR), Association of Development Financing Institutions in Asia and the Pacific (ADFIAP), Cities Development Initiative Asia (CDIA), CityNet, Cities Alliance, Clean Air Initiative Asia (CAI-Asia), Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ), ICLEI-Local Governments for Sustainability, International Project Finance Association (IPFA), Rockefeller Foundation, United Cities and Local Governments Asia and the Pacific (UCLG-ASPAC).

At the end of three days forum, a high level panel discussion was conducted where Professor Om Prakash Mathur, Principal Consultant, National Institute of Public Finance and Policy, India; Mr Liu Thai Kerr, Chairman, Centre for Livable Cities (CLC), Singapore; Mr. Harald Klein, Director General, Federal Ministry of Economic Cooperation and Development (BMZ), Germany; Prof. Ryokichi Hirono, Advisory Board, CDIA/ Professor Emeritus, Seikei University, Japan; Dr. Dalgon Lee, Advisory Board, CDIA/Chairman, Seoul Development Institute, Korea; Mr. Toshi Noda, Regional Director UNHabitat, Japan and Mr. Michael Lindfield, Chair, Urban Community of Practice, ADB contributed as panelists.

The Forum was attended by over 200 representatives of various capacities such as Ministers, CEOs and other decision makers in both the public (central, regional/state and local government bodies and associations) and private sector, professionals, intellectuals and academia drawn from national and urban financing agencies in Asia, Asian cities and their network organizations, private sector financiers, equity providers and international organizations. The three days forum was concluded with the remarks of Mr Bindhu Nath Lohani, the Vice-President of ADB.




To end, Nepalese delegates met to ***Mr Bindu Nath Lohani***, the Vice-President of Asian Development Bank (ADB) on 18 November 2011 at his office ADB head quarters, Manila. The current issues such as good governance, possible investment in energy, green and livable urban development of Nepal were discussed in the meeting. He is one of the five Vice-Presidents of ADB who is representing the least developed countries in ADB.

# स्थानीय निकाय केन्द्रिय समन्वय समिति

**काठमाडौं, नेपाल**

मितिः २०६८/०८/०९

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्रीको कार्यालय, सिंहदरवार, काठमाडौं

**विषय : राज्य पुनर्संरचना आयोगमा स्थानीय निकायका संघ महासंघको प्रतिनिधित्व सम्बन्धमा ।**

सम्माननीय प्रधानमन्त्रीज्यू,

प्रमुख राजनीतिक दलहरु बीच भैरहेको लामो छलफल र सहमतिपछि हालै मन्त्रिपरिषद्ले नेपालको अन्तरिम संविधानको धारा १३८ (२) अनुसार राज्य पुर्नसंरचना आयोग गठन गरेको निर्णयलाई स्थानीय निकायका संघ महासंघहरुले सकारात्मक संवैधानिक अभ्यासका रुपमा लिदै सहर्ष धन्यवाद ज्ञापन गर्दछौं ।

स्थानीय निकायका संघ महासंघहरु (जिविस महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाविस राष्ट्रिय महासंघ नेपाल) राष्ट्रिय निर्देशन ऐन, २०१८ अर्न्तगत दर्ता भै विगत डेढ दशकदेखि स्थानीय लोकतन्त्र सुशासन र स्थानीय सरकारमा अधिकारको निक्षेपणका पक्षमा निरन्तर पक्षपोषण र बकालती कार्यका साथै सदस्य स्थानीय निकायहरुको सेवा प्रवाहको प्रभावकारिताका लागि कार्य गर्दै आएका छौं ।

देशमा स्थानीय स्वायत्त शासनको स्थापना र सुदृढीकरणका लागि जनप्रतिनिधिमुलक निकायका रुपमा स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमको तर्जूमा तथा कार्यान्वयनमा प्रत्यक्ष संलग्न भई प्रभावकारी भूमिका निर्वाह गरिरहेका छौं । स्थानीय स्वायत्त शासनसँग सरोकार राख्ने पद्धति र संरचनाहरु जस्तै विकेन्द्रिकरण कार्यान्वयन तथा अनुगमन समिति, गरिबी निवारण कोष, स्थानीय निकाय वित्तीय आयोग, केन्द्रिय राजश्व परामर्श समिति जस्ता नेपाल सरकारका थुप्रै आयोग र समितिहरुमा प्रतिनिधित्व गर्दै स्थानीय स्वायत्त सरकारका पक्षमा सार्थक सरोकार राख्दै आएका छौं । हालको विशिष्ठ परिस्थितिमा राज्य पुर्नसंरचनाको विषयमा स्थानीय स्वायत्त सरकारका पक्षमा सार्थक र सचेत अभिमत समेत व्यक्त गर्दै आएका छौं ।

यस सहभागितामूलक संविधान निर्माण प्रक्रियामा स्थानीय स्वायत्त सरकारका मुद्दाहरु उपयुक्त रुपमा सम्वोधन गर्न तथा जनताका नजिकका स्वायत्त स्थानीय सरकारको स्थापना तथा ती निकायमा संविधानतः नै पर्याप्त अधिकार र जिम्मेबारी बाँडफाँटको सुनिश्चितताका लागि राज्य पुर्नसंरचना आयोगमा संघमहासंघको प्रतिनिधित्वका लागि माग गर्दछौं ।

| | | |
|---|---|---|
| महिन लिम्बु | डोरमणी पौडेल | ऋषिराज लुम्साली |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| गाविस महासंघ | नेपाल नगरपालिका संघ | जिविस महासंघ |

# जलवायु परिवर्तन र वातावरण व्यवस्थापन तालिममा सहभागिता

वातावरण मन्त्रालय र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले संयुक्त रुपमा आयोजना गरेको जलवायु परिवर्तन र वातावरण व्यवस्थापन तालिम संचालन गरेको थियो । उक्त कार्यक्रममा वातावरण, जलवायु परिवर्तन र प्रशिक्षक प्रशिक्षण सम्बन्धीमा वातावरण मन्त्रालयका पदाधिकारी, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र सो क्षेत्रमा कार्य गर्ने विभिन्न विज्ञहरुले कार्यपत्र पेश गर्नु भएको थियो ।

उक्त कार्यक्रमको मुख्य उद्देश्य आ-आफ्नो क्षेत्रमा संचालन गरिने तालिममा जलवायु परिवर्तन र वातावरण व्यवस्थापनलाई पनि समावेश गरिँदै लैजानु पर्नेमा जोड दिइएको थियो । उक्त कार्यक्रम २०६८ कार्तिक १६ देखि २२ सम्म संचालन गरिएको थियो । उक्त कार्यक्रममा जिविस महासंघ नेपालको तर्फबाट ऊर्जा तथा वातावरण विज्ञ शम्भुदेव वरालले भाग लिनु भएको थियो । वहाँले जलवायु परिवर्तनमा नविकरण ऊर्जा प्रविधिको बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो । उक्त कार्यक्रममा विभिन्न मन्त्रालय, तालिम केन्द्रका प्रशिक्षार्थीहरुको सहभागिता थियो ।

# जिविस महासंघ नेपालको राष्ट्रिय नीति कार्यशालामा सहभागिता

यही ०६८ मंसिर १२ गते स्थानीय विकास मन्त्रालयको आयोजनामा गरिएको "सामाजिक सुरक्षा कोषको नगद भुक्तानी" सम्बन्धि २ दिने कार्यशालामा प्रवक्ता कृष्णप्रसाद जैशी सहभागि भै आगामी वर्ष ६ जिल्लाका केही गाविस र नगरपालिकामा पहिलो चरणमा सामाजिक सुरक्षाको रकम बैंक खाताबाट भुक्तानी गर्दा सबै दर्गम गाविसमा सो नीति लागु गर्न असजिलो हुने भएकोले बैंक नभएका ठाउँहरुमा सहकारी वा हालकै गाविस मार्फत वितरण गर्ने प्रकृयामा निरन्तरता दिने विचार सुझावको रुपमा राख्नु भयो ।

यसै गरी मंसिर १३ गते संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमले संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको नेपालको भूमिका र विगत २००२ देखि २०१० सम्मको विकास प्रतिफलको अध्ययन सम्बन्धि १ दिने कार्यशालामा प्रवक्ता कृष्णप्रसाद जैशी र महासचिव हेमराज लामिछानेले भाग लिनु भयो । उक्त कार्यक्रममा सहस्राब्दी विकास लक्ष्य र मुलुकको दिगो विकासको लक्ष्य प्राप्ति गर्न स्थानीय सरकारको भूमिका महत्वपूर्ण हुने भएकोले यथाशीघ्र निर्वाचन गर्न नेपाल सरकार र सबै सरोकारवालाले ध्यान दिनु पर्ने तथा नागरिक समाजको परिचालन पारदर्शी र सरकारलाई सहयोगी भूमिकाको रुपमा गरिनु पर्ने विषय उठाइएको थियो ।

# Rio+20 को Country Status Report

राष्ट्रिय योजना आयोगले २०६८/७/३ गतेका दिन Rio+20 को Country Status Report माथी छलफल कार्यक्रम गरेको थियो । उक्त कार्यक्रममा जिविस महासंघको तर्फबाट जिविस महासंघ नेपालका केन्द्रिय सदस्य भरतबहादुर खड्काले भाग लिनु भएको थियो । उहाँले नेपालको श्रोतसाधन र सम्भावनाको आधारमा तिनवटा मुख्य विषयहरु Economic-Aspects, Social- Aspects, Enviornment aspects र १९९२-२०१२ सम्म नेपालले आर्थिक, शैक्षिक, स्वास्थ्य, पर्यटक र गरिबी निवारण सम्बन्धि के कस्ता उपलब्धि हासिल गरेको छ, आगामी दिनमा कस्ता खालका योजना बनाउँदा आर्थिक र सामाजिक प्रगति गर्न सकिन्छ । नेपालले Rio+20 मा गरेको प्रतिवद्धता पुरा गर्नका लागि नेपालको Future Plan बनाई एक Country Status Paper तयार गरी विदेशी लगानीकर्ताहरुलाई आकर्षण गरी देशको गरिवी, बेरोजगारी र दिगो विकासका लागि प्रस्तुत हुन सुझाव दिनु भएको थियो ।

जिविस महासंघ नेपालको नियमित प्रकाशन
"स्थानीय प्रजातन्त्र"
मा प्रकाशन गर्ने गरी समसामयिक लेख, रचनाहरु उपलब्ध गराइदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।